# सामाजिक विकास मन्त्रालय

## प्रदेश नं. १, विराटनगर

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर, नेपाल

## प्रेस नोट

२०७५ चैत्र २४

आज विश्व स्वास्थ्य दिवस हो । प्रत्येक वर्ष अप्रील ७ तारीखका दिन विश्वभरी यो दिवस मनाईन्छ । यसै सन्दर्भमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ ले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयन गर्ने उद्धेश्यले देहायका निर्णयहरु गरी कार्यान्वयनमा ल्याउने घोषणा गरेको छ ।

**सामाजिक विकास मन्त्रालयका घोषणाहरु**

१. मिति २०७५ चैत्र २४ गते देखि सामाजिक विकास मन्त्रालय परिसरमा "सूर्तिजन्य पदार्थ" सेवनलाई पूर्ण रुपमा निषेध गर्ने उद्धेश्यले यस मन्त्रालयमा प्रवेश गर्ने व्यक्तिहरुको साथमा "सूर्तिजन्य पदार्थ" भेटिएको खण्डमा त्यस्ता पदार्थहरु मन्त्रालय भित्र लैजान रोक लगाउने ।

**पुनश्च** : "सूर्तिजन्य पदार्थ" भन्नाले धूम्रपान वा सूर्ति सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सूर्ति, खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य सूर्तिजन्य पदार्थ सम्झनु पर्छ ।

२. मिति २०७६ बैशाख १ देखि सामाजिक विकास मन्त्रालय मातहतका सम्पूर्ण कार्यालय परिसर भित्र प्रवेश गर्ने व्यक्तिहरुको साथमा "सूर्तिजन्य पदार्थ" भेटिएको खण्डमा त्यस्ता पदार्थहरु लैजान रोक लगाउने व्यवस्था मिलाउने ।

३. सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयन गर्ने उद्धेश्यले विद्यालय, स्वास्थ्य संस्था लगायतका तोकिएका स्थानहरुमा सूर्तिजन्य पदार्थ निषेध गर्न यथाशिघ्र सरोकारवालाहरु समेतको सहभागितामा छलफल कार्यक्रम आयोजना गर्ने ।

४. सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने प्रदेश नं. १ मा कानून निर्माण गर्न तयारी गर्ने ।

गोपी प्रसाद घिमिरे

प्रवक्ता (उप-सचिव)

उप-सचिव